# विद्यालय स्तरको परीक्षा सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि २०८०

प्रमाणिकरण र प्रकाशित मिति २०८०।०४।२६

प्रस्ताबना :- नेपालको संबिधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी हक अन्तर्गत आधारभुत तहको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहको शिक्षा निशुल्क हुने कुरा उल्लेख गरिएको छ। सोहि तथ्थयलाई मध्यनजर गर्दै अजिरकोट गाउँपालिका भित्र सन्चालित सम्पुर्ण सामुदायिक विद्यालयहरुको गाउँपालिकाले निर्धारण गरे बमोजिमको सबै परीक्षा सञ्चालन तथा ब्यवस्थापनको दायित्त्व अजिरकोट गाउँपालिकाले लिदै विद्यार्थीहरुको सिकाइ उपलब्धि मापन र शैक्षिक गुणस्तर मापनका आधारको रुपमा रहेको परीक्षालाई मर्यादित ब्यवस्थित र अनुशासित बनाउन स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा २ बमोजवम अजिरकोट गाउँपालिकाले यो कार्यबिधि बनाइ लागु गरेको छ।

## परिच्छेद १

## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१), संक्षिप्त नाम, प्रारम्भ**

१), यस कार्यबिधिको नाम "विद्यालय स्तरको परीक्षा सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि २०८०" रहेको छ।

२), यो कार्यबिधि अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाले पारित गरेको मितिबाट क्रियाशिल हुनेछ।

३), यो कार्यबिधि अजिरकोट गाउँपालिका भरि लागु हुनेछ।

**२), परिभाषाः**

१), विषय र प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यर्बिधिमा

क, "गाउँपालिका" भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ।

ख, "कार्यपालिका" भन्नाले अजिरकोट गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग, "अध्यक्ष" भन्नाले अजिरकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

घ, "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले अजिरकोट गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

ङ, "शिक्षा शाखा" भन्नाले अजिरकोट गाउँपालिकाको शिक्षा हेर्ने बिभाग वा शाखालाई सम्झनु पर्दछ।

च, "शिक्षा प्रमुख" भन्नाले अजिरकोट गाउँपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

छ, "परीक्षा" भन्नाले कक्षा ४ देख कक्षा १० सम्मको कक्षा ५, कक्षा ८ र एस.ई.ई. बाहेकको गाउँपालिकाले विद्यालयहरु संग समन्वय गरि निर्धारण गर्को सबै परीक्षालाई सम्झनु पर्दछ।

ज, "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्दछ।

झ, "शिक्षा ऐन" भन्नाले शिक्षा ऐन २०२८ (संसोधन समेत) लाई सम्झनु पर्दछ।

ञ, "सामुदायिक विद्यालय" भन्नाले स्थानिय तह वा ब्यवस्थापन समितिले जिम्मा लिएको विद्यालयलाई सम्झनु पर्दछ।

## परिच्छेद २

## परीक्षा सञ्चालन तथा ब्यवस्थापन समिति

३), परीक्षा सञ्चालन तथा ब्यवस्थापन समिति

१), विद्यालय तहको परीक्षालाई मर्यादित तथा ब्यवस्थित बनाउन "अजिरकोट गाउँपालिका शिक्षा नियमावली २०७७" को परिच्छेद ३ नियम २१ बमोजिम परीक्षा सञ्चालन तथा ब्यवस्थापन समिति गठन गरिनेछ।

४), समितिको काम, कर्तब्य र अधिकार :-

१), परीक्षा सञ्चालन तथा ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

क), परीक्षा सञ्चालन गर्ने प्रयोजनका लागि विद्यालय संग विद्यार्थी विबरण माग गर्ने र IEMIS को विबरण संग तुलना गरि विद्यार्थी संख्या यकिन गर्ने।विबरण फरक परेमा सम्बन्धित विद्यालय संग उपयुक्त कारण सहितको जवाफ माग गर्ने।

ख), केन्द्राध्यक्ष तोकने।

ग), परीक्षा तालिका, समय र परीक्षाफल प्रकाशनको मिति निर्धारण गर्ने।

घ), आवश्यक परिमाणमा प्रश्न पत्र निर्माण, छपाइ र उत्तरपुस्तिकाको ब्यवस्था गर्ने।

ङ), विद्यालयहरुबाट निश्चित संख्यामा उत्तरपुस्तिका झिकाइ समपरीक्षण गराउने।

च), परीक्षाको नियमित अनुगमन तथा निरीक्षण गर्ने।

छ), प्राकृतिक प्रकोपका तथा अन्य बिपत्तीका कारण परीक्षा सञ्चालन तथा परीक्षाफल प्रकाशनमा बाधा परेमा तुरुन्त आवश्यक निर्णय गर्ने।

२),समितिले परीक्षा सम्बन्धी थप कार्य आफैले तोके बमोजिम हुनेछ।

३), समितिका पदाधिकारीहरूको बैठक भत्ता सम्बन्धित पालिकाको नियमानुसार हुनेछ ।

## परीच्छेद ३

## प्रश्नपत्र निर्माण

४), परीक्षा सञ्चालनको लागि प्रश्नपत्र देहाय बमोजिम तयार गरिनेछ।

१), परीक्षा सञ्चालन हुन १ मिना अघि परीक्षा समितको बैठक बसी प्रत्यक विषयको फरक फरक विद्यालयबाट २ सेट प्रश्नपत्र ई-कपी १० दिनको मिति राखि माग गर्ने।

२), प्राप्त प्रश्न पत्रको ५ दिन भित्रमा विशिष्टिकरण तालिका अनुसार भए नभएको र प्रश्नहरु औचित्यपुर्ण भए नभएको यकिन गरि अन्तिम रुप दिने।

३), प्रकृया सरु गरेको १५ औ दिनमा १० दिनमा प्रश्न पत्र छपाइ गरि उपलब्ध गराउने शर्तमा छपाइको लागि प्रेसमा पठाउने।

४), शिक्षक हरुको सहयोगमा प्श्नपत्र गणना गरि विद्यालयगत रुपमा प्रत्क कक्षाको प्रश्न पत्र खाम तयार गरी परीक्षको १ दिन अगाबै प्रत्यक विद्यालयमा उपलब्ध गराउने।

५),प्रश्नपत्र निर्माणको क्रममा कुनै प्रकारको अनियमित क्रियाकलाप गरेको पाइएमा त्यस्ता शिक्षक तथा कर्मचारीलाई भविष्यमा परीक्षा सम्बन्धी कुनै पनि कामा सहभागी गराइने छैन।

## परीच्छेद ४

## परीक्षा सञ्चालन प्रबृया

५), अजिरकोट गाउँपालिका भरिका सम्पुर्ण विद्यालयहरुको परीक्षामा एकरुपता कायम गर्न देहाय बमोजिमको प्रकृया अनुसार परीक्षा सञ्चालन गरिनेछ।

१), परीक्षा समितिले शैक्षिक क्यालेणडर अनुसार परीक्षा तालिका, समय र परीक्षाफल प्रकाशित गर्ने मिति तय गरि प्र.अ. बैठकमा अनुमोदनको लागि पेश गर्ने।

२), प्रश्न पत्र र उत्तरपुस्तिका परीक्षाको १ दिन अगाबै सम्बन्धित विद्यालयमा पुऱ्याइनेछ।

३), सञ्चालित परीक्षाको नियमित रुपमा परीक्षा सञ्चालन तथा ब्यवस्थापन समिति र गाउँपालिकाबाट अनुगमन गरिनेछ।

## परीच्छेद ५

## उत्तर पुस्तिका परीक्षण र नतिजा प्रकाशन

६), परीक्षाको उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन देहाय बमोजिम हुनेछः

१), उत्तर पुस्तिका परीक्षण सम्बन्धित विद्यालयले नै गराउनु पर्ने छ।

२), प्रत्येक विद्यालयको प्रत्येक कक्षको ५% उत्तर पुस्तिका गाउँपालिकामा झिकाइ समपरीक्षण गरिनेछ र यसैका आधारमा आवश्यक्ता महसुस भएमा थप उत्तर पुस्तिका झिकाउन सकिनेछ।

३), समपरीक्षण पश्चात गाउँपालिका भित्रका सबै विद्यालयले परीक्षाफाल परीक्षा समितिले निर्धारण गरेको मितिमा नै प्रकाशन गर्नु पर्नेछ।

## परीच्छेद ६

## स्रोत ब्यवस्थापन तथा परिचालन

७), परीक्षा सञ्चालन तथा ब्यवस्थापनको लागी गाउँपालिकाले निर्धारण गरेको स्रोत शिर्षक र सोहि शिर्षक अनुरुप रकमको अधिनमा रही मितब्यी, पारदर्शि र प्रभाबकारी रुपमा परीक्षा सञ्चालन तथा ब्यवस्थापन गर्न देहाय बमोजिमको कार्य गरिनेछस

१), कोटेशन बिधिद्वार न्युनतम मुल्यमा गुणस्तरिय प्रश्न पत्र (कागज तथा प्रिन्टिङ क्वालिटी), उत्तर पुस्तिका छपाइ तथा खरिद गर्ने।

२), प्रश्नपत्र मोडुलुसनको लागि गाउँपालिकाको प्रचलित नियमानुसार पारिश्रमिक उपलब्ध गराउने।

३), प्रत्येक परीक्षमा २ वटा बैठकको मात्र बैठक भत्ता उपलब्ध गराउने।

## परीच्छेद ७

## बाधा अड्काउ फुकाउ, ब्याख्या र संशोधनः

८), यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

९), यस कार्यबिधिको कुनै दफा वा उपदफमा दुबिधा उत्पन्न भएमा त्यसको ब्याख्या गर्ने अधिकार गाउँपालिकामा हुनेछ।

१०), यस कार्यबिभि लेखिएको कुरा प्रचलित कानुन संग बाझिएमा बाझिएको हक सम्म प्रचलित कानुन बमोजिम हुने र बाँकी यसै कार्यबिधि बमोजिम हुनेछ।

११), यस कार्यबिधिमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० बैशाख २० गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाका विद्यालय स्तरको परीक्षा सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि, २०८० अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु ।

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०४।२६